# त्रिशुली क्षेत्रको छोटो भ्रमण

- *कपिल लोहनी **

यो हप्ता काम विशेषले गर्दा नुवाकोटको विदुर जानुपर्ने भयो । करिव दुई महिनादेखि घरबाट निकै कम बाहिर निस्किएको मलाई यसरी उपत्यका बाहिर गर्नु पर्ने भ्रमणले अलिक पिरोरेको थियो । तैपनि आफ्नै सवारी साधनमा जाने हो, सुरक्षित तवरले गए देखि त थोरै मन पनि वहलिने सोचले आफ्ना काकाका छोरा सरोज र फ्रेसन्युज नेपालका सुक्रित भाईलाई लिएर बिहान सबेरै गन्तव्यको लागि रवाना भएँ । जानु अघि बाटोमा खाने खाना, पानी र केही चकलेट पनि व्यागमा हालेँ । कदाचित एक रात बस्नु परेको खण्डमा चाहिने नित्यकर्मका सामान, एक जोडा लुगा र केही आवश्यक औषधी पनि व्यागमा कोचेँ । भाईहरुलाई उनका घर बाहिरबाटै लिए पश्चात बिहानको ठिक ८ बजे हाम्रो यात्रा शुरु भयो । जाडोको याम, घुमफिर गर्ने नै मौषम, तर महामारीको डरले गर्दा मोटरगाडी भित्र पनि सबैले मास्क लगाएर बस्नुपर्ने अवस्था ।

आजकल नुवाकोट जानको लागि टोखा हुँदै शिवपुरीको डाँडा नाघेर गुर्जे भञ्ज्याङ हुदै पारी जान सकिन्छ । टोखादेखि थानसिङ, छहरे बजारसम्मको २२ किलोमिटर बाटो चौडा गरेर कंक्रिट ढलान गर्ने काम भई नै रहेकोले यो बाटो अझै पनि उवडखावड र धुलो उड्ने खालको छ ।  छहरेमा पुगेर निर्माणाधीन मध्य पहाडी लोकमार्ग पक्रे पछि पट्टावारी र ढिकुरे हुँदै छिटै नै गंगटे, बट्टार, विदुर र त्रिशुली पुग्न सकिन्छ । अबको एक वर्ष जतिमा काठमाडौँबाट त्रिशुली, धुन्चे वा चीनको सिमा रसुवागढी केरुङ पुग्न यही बाटो सबै भन्दा छोटो हुनेछ । झनै यदि टोखाबाट प्रस्तावित सुरुङमार्ग बनेको खण्डमा त यो बाटो अझै छोटो हुनेछ ।

शुरुमा यानी दश ५-७ वर्ष अघिसम्म पनि त्रिशुली जान काठमाडौँबाट बालाजु, नागार्जुन, ओशो तपोवन हुँदै २,००० मिटरको उँचाईमा रहेको ककनी पुग्नु पर्दथ्यो । काठमाडौँबाट ज्यादै नजिक रहेको ककनी कुनै वखत उपत्यकाको प्रमुख हिलस्टेशन थियो । तर पछि त्यहाँ पुग्ने बाटो जिर्ण भएर तथा त्यहाँका धेरै क्षेत्रहरुमा सुरक्षा निकायहरुको तालिम केन्द्रहरु बनाइएकोले सो क्षेत्र विस्तारै टाढिँदै गयो । तर हाल आएर फेरी त्यहाँ पुग्ने बाटो मर्मत भए पश्चात भने त्यहाँ पर्यटनको सम्भाव्यता निकै बढेको छ । तारागाउँ रिजोर्ट, वृटिश राजदुतावासको गेष्ट हाउस तथा अन्य रिर्जोट र साना होटलहरु भएको यो रमणीय स्थलमा थाई एयरवेजको विमान दुर्घटनामा दिवंगत भएकाहरुको स्मारक पनि बनाइएको छ । काठमाडौँ उपत्यका, नुवाकोट दरवार तथा उत्तरी भेगका विशाल फाँट र हिमालयको राम्रो दृश्यावलोकन गर्न सकिने यस ठण्डी हावापानी भएको ठाउँमा स्ट्रवेरी, किवी र मुलाको उत्पादन पनि प्रसस्त हुन्छ । हाल नेपाल पर्यटन वोर्डले पनि यो क्षेत्रलाई पर्यटन स्थलको रुपमा पुनःविकास गर्न खोजेको कुरा सुन्नमा आएको छ ।  ककनीबाट अगाडी बढेर करिव साँढे दुई घण्टा ओरालो बाटो छिचोले

पछि हामी त्रिशुली पुग्न सक्छौँ । बाटोमा ट्राउट माछाका धेरै फार्महरु देख्न सकिन्छ । पाँच वर्ष अघिको महाभुकम्पले यहाँका ट्राउट फार्महरु पनि बिगारेर अस्तव्यस्त बनाइदिएको थियो । यस पासाङ ल्हामु राजमार्गलाई पनि चौडा गर्ने नाममा धेरै वर्ष देखि यो मार्ग निर्माणाधिन र करिव करिव बन्द जस्तै नै छ ।

लामै भएपनि हाललाई नुवाकोट जान सबैभन्दा छिटो र सजिलो पृथ्वी राजमार्ग हुँदै गल्छीबाट त्रिशुली पुग्ने बाटो नै हो । नागढुंगादेखि गल्छी ३७ किलोमिटर र गल्छीबाट त्रिशुलीसम्मको बाटो २४ किलोमिटर यानी कुल ६१ किलोमिटर छिचोल्न मोटरगाडीमा दुई घण्टा लाग्दछ । नागढुंगाबाट गल्छीसम्म बाटोमा बस, ट्रक र माइक्रोबसको केही भिडभाड हुने भएता पनि गल्छीदेखि त्रिशुलीसम्म भने सडक होलो नै हुन्छ । ५-७ वर्ष अघि त्रिशुली जाने छोटो बाटोको रुपमा गल्छी-त्रिशुली एक लेनको बाटो बनेकोमा २०७२ सालको भारतको नाकाबन्दी पछि भने चीनबाट दैनिक उपभोग्य वस्तु ओसार पसार गर्ने मुख्य हेतुले नै यो बाटो चीनको सिमानासम्म नै चौडा बनाउने कार्य जोडतोडले भइरहेको छ । तर पुरानै योजनामा पनि चीनको सिमादेखि भारतको सिमा नै जोड्ने गरी यो राजमार्ग बनाउने कुरा उल्लेख थियो । प्रस्तावित योजना मुताविक गल्छीबाट दक्षिणतिर पनि यो राजमार्गलाई विस्तार गरेर पुर्वपश्चिम राजमार्गको लोथरमा मिलाउने कुरा छ भन्ने सुनिन्छ ।

आजभन्दा पाँच वर्ष अघि हाम्रो एक टोली गल्छीबाट यही बाटो भएर नुवाकोटका केही भुकम्प प्रभावित विकट गाउँहरुमा राहत सामग्री वितरण गर्न त्रिशुली गएको थियो । त्यतिबेला यो बाटो भर्खर एक लेनको बनेको थियो । तर आज आएर गल्छीदेखि त्रिशुलीसम्म यो बाटो दुई लेनको भइसकेको छ भने कुनै कुनै ठाउँमा भने कठिन भिर काट्ने र पुलहरु बनाउने काम भइरहेको छ । बाटोको एकातिर विशाल त्रिशुली नदी बगिरहेको दृश्य तथा खुला हराभरा खेत तथा गाउँवस्तीहरु हेर्दै यात्रा गर्दाको मज्जा नै अर्कै । बाटो घाटोको पहुँच भएपछि हुने समृद्धिको उदाहरण यहाँका गाउँहरुमा पुगेपछि पाउन सकिन्छ । केही वर्ष अघिसम्म पनि उजाड हुँदै गएको विदुर र त्रिशुली बजार आज वृहत नगरपालिकाको रुपमा एउटा ठुलै शहरको रुपमा विकसित हुँदै गइरहेका छन् । यस अघिदेखि नै पनि यहाँ त्रिशुली र देवीघाट जलविद्युत आयोजनाहरु, मत्स्य विकास आयोजना तथा वट्टार सिँचाई आयोजनाहरु सञ्चालनमा छन् ।

यो सब परिवर्तनहरु हुनुमा चीनसँगको दोश्रो नाका खुल्दै जानु र त्रिशुलीबाट तराई र राजधानी जाने विभिन्न सडकहरुको निर्माणले पनि मुख्य भूमिका खेलेका छन् । मुलुककै आजसम्मको सबैभन्दा ठुलो सोलार विद्युत आयोजनाको पनि यही क्षेत्रमा निर्माण कार्य भइरहेको छ भने चीनबाट ल्याइने भनेको पेट्रोलियम पदार्थको भण्डारण स्थलको निर्माण पनि यहीँ हुने योजना छ । नेपाल र भारत दुबै देशको चीनसँगको व्यापार बढ्दै गए पछि यो क्षेत्र एउटा ट्रान्जिट प्वाइन्टको रुपमा पनि विकसित हुने सम्भावना पनि निकै धेरै छ । किनकी नेपाल-भारत सिमाबाट यहाँसम्म विशाल कन्टेनरहरु आउन सक्ने भएता पनि यहाँ देखि चीनको सिमासम्म कठिन पहाडी भेग पर्ने भएकाले अलिक साना कन्टेनरमा सामान ढुवानी गर्नुपर्ने हुन जान्छ ।

केही वर्ष अघिसम्म रात बस्ने राम्रा होटल समेत नगण्य संख्यामा भएको यो ठाउँमा हालै मात्र आधा दर्जन भन्दा बढी राम्रा तथा स्तरिय होटल तथा रिजोर्टहरु र रेष्टुरेन्टहरु खुलिसकेका छन् भने धेरै बैंकहरुका शाखाहरु पनि खुलेका छन् । अर्को तर्फ तिव्र शहरीकरणले भने यहाँको उर्वर खेती योग्य जमिन मासिँदै गएको छ। अहिले देखि नै यथोचित योजना बनाएर कार्यान्वयन नगरेमा यहाँबाट बग्ने त्रिशुली नदी पनि प्रदुषित हुन बेर लाग्दैन ।

समुद्रको सतहबाट १,४०० मिटरको उचाईमा रहेको काठमाडौँको पश्चिममा अवस्थित त्रिशुली (६०० मिटर) तथा पुर्वको पाँचखाल क्षेत्र (९३७ मिटर) पहाडी भेगको होचो क्षेत्रमा पर्ने भएकाले यहाँको मौषम तराईको जस्तै उष्ण प्रकृतिको छ, त्यसैले राणा शासनकालमा त्यतिबेलाका शासकहरु र उनका भारदारहरुले जाडो छल्न तथा खेतीको लागि यी इलाकाहरुमा निकै धेरै जग्गा-जमिन आफ्नो स्वामित्वमा राखेका थिए ।

आजकल नेपालका प्रायजसा शहरहरुमा सबै प्रकारका भौतिक सुविधाहरु उपलब्ध हुन्छन् । संघीयताले गर्दा मुलुकमा सात वटा प्रदेशहरु र तिनका राजधानीहरु पनि बनिसके । बिस्तारै प्रत्येक प्रदेशमा सबैखाले पुर्वाधारहरु बन्दै जाने नै छन् र प्रशासनिक तथा अन्य क्षेत्रमा पनि विकेन्द्रिकरण हुँदै नै जाला । तैपनि काठमाडौँमा नै सबैलाई घर-घडेरी किन्नु पर्ने, जति नै अस्वस्थकर वातावरण भए पनि सबैलाई यहीँ नै बस्नु पर्ने किन होला ? सायद मुलुक कै राजधानीमा अरु ठाउँहरु भन्दा जस्तै भएपनि सर-सुविधा र अवसर बढी हुन्छ भनेरै होला । आखिर मुलुक हाँक्ने नेता र पार्टीहरु पनि त सबै यतै घरजम गरेर बसेका छन् ।

कोभिडले ग्रस्त काठमाडौँको भिडभाडबाट खुला र पातलो जनसंख्या भएको विदुर पुग्दा पनि मन निकै आनन्दित हुँदो रहेछ । तर हालको परिस्थितिलाई ध्यानमा राखेर हामीले घरबाट लगेका खाना देविघाटको दोभानमा बसेर मनोरम दृश्य र स्वच्छ पानीको कलकल आवाज सुन्दै खायौँ । महामारी नहुँदो हो त हाम्रो पहिलो पडाव नौबिसे हुने थियो, जहाँ हामी चिया, अण्डा र चनाको मज्जा लिने थियौँ । अनि त्रिशुली बजारमा गएर त्यहाँका ताजा तरकारी तथा माछा सहितको खाना खाने थियौँ । घरमा ल्याउनका लागि तरकारी, फलफुल, दाल तथा अन्य गेडागुडी र सुकाएको माछा र त्यता पाइने कृषि उपजहरु खरिद गर्ने थियौँ ।

देवीघाट एउटा यस्तो महत्वपुर्ण तिर्थस्थल हो जहाँ त्रिशुलगण्डकी (त्रिशुली) र सूर्यमती (तादी) नदीको मिलन हुन्छ। यहि घाटमा नेपाल एकिकरणका नायक वडामहाराजाधिराज पृथ्वीनारायण शाहको निधन भएको तथा अन्त्येष्टी गरिएको थियो । ३ जनवरी १७७५ को दिन महारानी नरेन्द्रलक्ष्मी, छोरा बहादुर शाह, दलजित शाह र दरवारका भारदारहरु, सेनामेना तथा आम जनताले ५२ वर्षीय बिरामी राजा पृथ्वीनारायण शाहलाई नुवाकोटको डाँडामा रहेको उनको दरवारबाट तल देवीघाटमा ओरालेका थिए । देवीघाटमा ९ दिनसम्म रहे पछि ११ जनवरीमा उनले उपस्थित सबैलाई रुवाएर यो लोक छोडेका थिए । आज पनि उनले अन्तिम सास फेरेको ठुलो ढुंगा र त्यसमा निर्माण गरिएको उनको शालिक देवीघारमा छ। जनयुद्धमा माओवादीहरुले उनको शालिक तोडफोड गरेका थिए तर अहिले सो शालिक पुनःनिर्माण गरिएको भएता पनि

सो स्थानको सरसफाई नभएकोले निकै उजाड देखिन्छ । जसको अथक योगदानले हामी आज नेपाली भनेर चिनिएका छौं, उसैको तौहिन गर्ने परिपाटी देखेर अचम्म लाग्दछ ।

गोर्खाली पल्टनको हातमा आउनु भन्दा पहिले नुवाकोटमा मल्ल राजाहरुले राज्य गर्दथे । त्यसैले त्यहाँ भएका भवन र कलाकृतिहरुमा मल्लकालको छनक आउँछ । सात तले नुवाकोट दरवार भने पृथ्वीनारायण शाहले नै पाटनबाट कालिगढहरु बोलाएर बनाउन लगाएका थिए । सन् २०१५ को महाभुकम्पमा नुवाकोट दरवार, त्यहाँ भएका अन्य संरचनाहरु र मठ-मन्दिरमा निकै क्षति पुग्यो । भुकम्पले क्षति पुऱ्याएको झण्डै चार वर्षसम्म टेकोमा उभिइरहेको नुवाकोट दरवार र यस परिसरमा रहेका अन्य संरचना तथा मठ-मन्दिरहरुको पुनर्निमाण चीनिया सहयोगमा भइरहेको छ । मल्लराजाहरुको पुरानो राज्य भएकोले नुवाकोट दरवार क्षेत्रमा पनि नेवार जातीहरुको वाहुल्यता छ ।

काठमाडौं उपत्यकालाई राजधानी बनाई सके पछि पनि पृथ्वीनारायण शाह नुवाकोट दरवारमा बरोबर बस्ने गर्दथे । नुवाकोट काठमाडौं र गोर्खाको बिचमा पर्ने तथा चीनको तिव्वतसँगको नाका पनि यहाँबाट नजिक पर्ने भएकाले उनले यस क्षेत्रलाई सामरिक महत्वको क्षेत्रको रुपमा लिएका थिए ।

काठमाडौं आउने मोटर बाटो नबन्दासम्म पश्चिमका तनहुँ, पाल्पा, गोर्खा, लमजुङ, कास्की आदीबाट उपत्यका आउन नुवाकोट हुँदै बालाजुबाट छिर्ने गरिन्थ्यो । राणा शासनको बेला राजाले सत्ता उल्टाउने षडयन्त्र गरेमा काठमाडौंमा बस्न नदिएर गोर्खा वा नुवाकोटमा राख्ने भनेर एक समय बालाजुदेखि विदुरसम्म वग्गी चल्ने बाटो पनि खनिएको थियो रे ।

नेपाल एकिकरणका नायक पृथ्वीनारायण शाह र बहादुर शाह आदिको पालामा जीवन निकै सरल हुन्थ्यो र उनिहरुले हिँडेर वा घोडा चढेर कैयन किलोमिटरको फासला तय गर्दथे, स्थानीय खानाका परिकार र मदिरा मात्र सेवन गर्न पाउँथे, मुलुक भित्रै बनेका कपडा लगाउँथे, विरामी परेमा वैद्यको औषधीको मात्र भर थियो, मुलुकको खवर पाउन हप्तौं लाग्थ्यो र राती टुकीको उज्यालोमा बस्नु पर्दथ्यो । तर विस्तारै विज्ञान तथा प्रविधिको विकास हुँदै गएकाले उनका सन्ततिहरुले भने निकै विलासी र सुख सयलको जीवन भोग्न पाए । राजा वीरेन्द्र हेलिकप्टरमा एकैछिनमा गोर्खा, नुवाकोट, ककनी, नगरकोट, फुलचोकी, चन्द्रागिरी वा अन्य ठाउँहरुमा डुल्न पाउँथे भने यस्ता सुख सयलको त पृथ्वीनारायणले कल्पना समेत पनि गरेका थिएनन् होला । लडाईंमा जाँदा अन्य सिपाहीँले झैँ उनले पनि मकै-भटमास चपाउँदै नै हिँडेका हुन् । आजका आम नेपालीले पाएका जति पनि सुखका साधनको भोग त्यतिबेलाका राजा वा रंक कसैले पनि गर्न पाएका थिएनन् ।

नुवाकोट जिल्ला अदालतमा केहि बेरको काम थियो । त्यहाँ पनि काठमाडौंमा जस्तै नै आधुनिक र राम्रा कार्यालय भवनहरु रहेछन् र पुरै विद्युतीय प्रविधिले सुसज्जित । जनसंख्या कम भएको ठाउँ भएकाले त्यहाँको अदालतमा फाट फुट मात्र मानिसहरु आवत जावत गरिरहेका थिए ।

हाम्रो काम पनि एकैछिनमा सकियो । त्रिशुली बजारसम्म मोटरगाडीमा गयौं । फकँदा पनि आएकै बाटो हुँदै घर पुग्यौं । पृथ्वी राजमार्गमा भएका वस्ती र खाजा खाने होटलहरु पनि ग्राहक नभएर उजाड देखिन्थे । वास्तवमा नै हालको महामारीले मुलुकभर साना देखि ठुलासम्म सबै खाले व्यापार र आर्थिक कृयाकलापहरु निकै नै ठप्प पारिदिएको छ ।

त्रिशुलीदेखि गल्छीसम्म बाटो निकै होलो, त्यहाँबाट नौबिसेसम्म अलिक धेरै सवारी साधन गुडेका तथा नौबिसेदेखि नागढुंगासम्म भने दुवैतर्फ छिटो पुग्ने होडमा तँछाड र मछाडको स्थिति । तैपनि त्रिशुलीदेखि नागढुंगासम्म साँढे दुई घण्टामा नै पुग्यौं । तर त्यहाँबाट काठमाडौंको आफ्नो घर पुग्न भने झण्डै डेढ घण्टा लाग्यो । कस्तो अस्तव्यस्त छ हाम्रो राजधानी । यस्तो महामारीको बेलामा पनि सडक भरी मानिस, पुल-पेटीमा बसेर घाम तापिरहेका र बात मारिरहेका । सामानले भरिभराउ सवारीका साधन, मानिसहरुको भिड र ती मध्ये आधाले पनि मास्कको प्रयोग नगरेको अवस्था, अनि टाँसिएर नै निर्धक्क हिँडिरहेका । गन्तव्य कहाँ र काम के हो बुझिनसक्नु । सबै व्यस्त नै देखिने । जथाभावी सवारीका साधन कुदिरहेका, जतातत‍ै मानिसहरुले बाटो काटिरहेका, धुवाँ र धुलो त्यत्तिकै । व्यवस्थित शहरहरुमा मोटर गाडीहरु चलाइन्छन्, तर काठमाडौंमा भने छलाउँदै लग्नुपर्ने वाध्यता ।

** लेखक विकास अर्थशास्त्री र पुर्वबैंकर तथा नेपाल एकल व्यक्तित्व समाजका अध्यक्ष समेत हुन् ।*

*२०७७ साल मंसिर १९ गते*